# मिशन रोजगारी कार्यक्रम कार्यविधि, २०८२

कार्यपालिकामा पेश मितिः २०८२।०८।०६

कार्यपालिकाबाट पारित मितिः २०८२।०८।०६

प्रमाणित मितिः २०८२।०८।१४

**१. प्रस्तावनाः**

नार्पा भुमि गाँउपालिकामा श्रम तथा व्यवसायजन्य आचारसंहिता पालना गरी बेरोजगार जनशक्तिलाई सिपमुलक रोजगारीमा संलग्न गराउन, दक्ष श्रमशक्तिको अभिलेख राख्न, सिप परीक्षण गर्न, सीपको मान्यता दिन र रोजगारीमा अभिमुखीकरण गर्न, कार्यक्रम कार्यान्वयनलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन, छनौट समिति गठन गरी पारदर्शी ढंगले सहभागीहरू छनोट गर्ने, युवा स्वरोजगार तथा स्वालम्बि बनाउन वाञ्छनीय भएकोले स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधिको व्यवस्था गरिएको छ ।

**२. परिभाषाः**

- **कार्यविधिः "कार्यविधि"** भन्नाले मिशन रोजगारी कार्यक्रम सञ्चालन गर्न तयार गरिएको यो दस्तावेजलाई बुझाउँछ।
- **गाउँपालिकाः "गाउँपालिका"** भन्नाले यस कार्यविधि कार्यान्वयन हुने नार्पा भूमि गाउँपालिकालाई बुझाउँछ। ।
- **सिप परीक्षणः "सिप परीक्षण"** भन्नाले व्यक्तिको सीपको स्तर पहिचान गर्न गरिने मूल्याङ्कन प्रक्रियालाई बुझाउँछ।।
- **पूर्व सिकाई मान्यता विधि (RPL): "RPL"** भन्नाले अनौपचारिक तरिकाबाट आर्जन गरिएको सिपलाई प्रमाणिकरण गर्ने प्रक्रियालाई बुझाउँछ।।
- **छनौट समितिः "छनौट समिति"** भन्नाले कार्यक्रमका लागि सहभागी छनोट गर्ने समितिलाई बुझाउँछ
- **सहभागीः "सहभागी"** भन्नाले सिप परीक्षण कार्यक्रममा सहभागी हुन योग्य लाभग्राहीलाई बुझाउँछ।।
- **श्रम तथा व्यवसायजन्य आचारसंहिताः"श्रम तथा व्यवसायजन्य आचारसंहिता"** भन्नाले जुनसुकै श्रम तथा व्यवसाय गर्दा अपनाउनु पर्ने अनिवार्य नियम तथा आचरणलाई बुझाउँछ ।

**३. कार्यक्रमका उपशीर्षक तथा खर्चका क्षेत्रहरूः**

**१ सिपमुलक दक्ष कामदारहरूको दर्ता र सिप परीक्षणका पेशा पहिचान कार्यक्रम खर्च**

- स्थानीय तहले रोजगारी चाहने व्यक्तिहरूको सिप विवरण दर्ता फारम संकलन गर्ने।

CamScanner

- दर्ता भएका व्यक्तिहरूमध्ये साक्षात्कार तथा अवलोकनबाट पेशा पहिचान गरिने।
- पहिचान गरिएका पेशामा सिप परीक्षण गरिनेछ।
- यस प्रक्रियाका लागि फारम, जनशक्ति, उपकरण, प्रशासनिक व्यवस्थापन आदि खर्च हुनेछ।

**२ पूर्व सिकाई मान्यता विधि (RPL) अन्तर्गत सिप परीक्षण कार्यक्रम खर्च**

- अनुभवी तर प्रमाण नभएका कामदारहरूलाई पूर्व सिकाइको आधारमा परीक्षण गरिने।
- परीक्षण पास गर्नेहरुलाई प्रमाणपत्र वितरण गरिने।
- खर्च शीर्षकमा प्रशिक्षण सामग्री, परीक्षण बोर्ड, परीक्षक सेवा शुल्क, प्रमाणपत्र मुद्रण आदि समावेश हुनेछ।

**३ सहभागिहरूको लागि यातायात खर्च तथा अन्य सेवा सुविधाः**

- सहभागिहरूको परीक्षण तथा सहभागिता सुनिश्चित गर्न यातायात खर्च तथा अन्य सेवा सुविधा उपलब्ध गराइने।
- यातायात खर्च तथा अन्य सेवा सुविधा नार्पा भुमि गाउँपालिकाको खर्च सम्बन्धी मापदन्ड, २०८२ अनुसार हुनेछ।

**४. सहभागी छनौट समिति गठनः**

१) कार्यक्रमका लागि सहभागिहरूको छनौट पारदर्शी र वस्तुगत ढंगले गर्न निम्नानुसार समिति गठन गरिनेछः

| समिति | सदस्य |
|---|---|
| पालिका अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| उद्दम विकास शाखा प्रमुख | सदस्य |
| वडाध्यक्ष (कार्यक्रम हुने वडाका) | सदस्य |
| रोजगार संयोजक | सदस्य सचिव |

**२) समितिको काम कर्तव्यः**

- आवेदनको संकलन तथा प्रारम्भिक छनौट गर्नु।
- साक्षात्कार तथा सिफारिस तयार गर्नु।
- सिप परीक्षणको समन्वय गर्नु।
- सहभागीको उपस्थिति र अभिलेख व्यवस्थापन गर्नु।
- उपयुक्त रोजगारमुलाक कार्यक्रमको छनौट गर्नु ।

नार्पा भुमि गाउँपालिका

CamScanner

५. कार्यक्रम कार्यान्वयन र समन्वयः

- कार्यक्रम गाउँकार्यपालिकाको कार्यलयमार्फत कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार संघ तथा प्रदेश सरकार (मुख्यतः सामाजिक विकास मन्त्रालय, श्रम तथा रोजगार निर्देशनालय) सँग समन्वय गरी विशेषज्ञता वा बजेटीय सहयोग लिइनेछ।
- सम्बन्धित संघसंस्थासँग सहकार्य गर्न सकिनेछ (जस्तैः CTEVT, निजी तालीम केन्द्रहरू)।

६. कार्यान्वयन समयसीमा:

- कार्यक्रमको सूचना प्रकाशन: पौष महिनाभित्र
- फारम संकलन र दर्ता: २ हप्ता
- सिप परीक्षण र प्रमाणपत्र वितरण: १ महिना
- प्रतिवेदन तथा समापन कार्य: आर्थिक वर्ष अन्त्यभित्र

७. संशोधन अधिकार:

यस कार्यविधिको व्याख्या, परिमार्जन र संशोधन गर्ने सम्पूर्ण अधिकार गाँउ कार्यपालिकामा रहनेछ।

आज्ञाले
शुशिल लम्साल
प्रमुख प्रशासकीय अधिकृत